# <u>जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u>:** जीवनाशक विषादीको विक्री वितरण, भण्डारण, ओसारपसार, व्यावसायिक प्रयोग लगायतका कार्यलाई नियमन गरी मानव तथा जीवजन्तुको स्वास्थ्य र वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण तथा नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "केन्द्र" भन्नाले दफा १० बमोजिम स्थापना भएको विषादी नियमन तथा व्यवस्थापन केन्द्र सम्झनुपर्छ।

(ख) "जीवनाशक विषादी" भन्नाले बोट बिरुवा, कृषिजन्य पदार्थ, वन तथा वन पैदावार, जीव, पशुपन्छी तथा जनस्वास्थ्य, भण्डारण प्याकेजिङ र निर्माण कार्यमा हानि पुऱ्याउने रोग, किरा, सुलसुले, निमाटोड, झारपात, मुसा लगायतबाट बचाउन प्रयोग गरिने प्राङ्गारिक, वानस्पतिक, जैविक तथा रासायनिक पदार्थ सम्झनुपर्छ र सो शब्दले देहायका पदार्थलाई समेत जनाउँछः-

(१) हानिकारक जीवहरूको शिकार गरेर, परभक्षी बनेर, परजीवी बनेर, रोग लगाएर सोको वृद्धि कम गराउने तथा त्यस्ता जीवहरूलाई आकर्षण वा विकर्षण गर्ने (फेरोमोन, एट्र्याक्टयान्ट, रिपेलेन्ट, डिटरेन्ट) पदार्थ,

(२) हानिकारक जीवहरूको नियमित वृद्धि र प्रजनन कार्यमा असर पर्ने (इन्सेक्ट ग्रोथ रेगुलेटर) पदार्थ र झारनाशक विषादी,

(३) वनस्पतिको वृद्धि नियन्त्रण गर्ने (प्लान्ट ग्रोथ रेगुलेटर/इन्हिविटर) पदार्थ,

(४) पात पतिङ्गर झार्ने (डिफोलियन्ट) पदार्थ,

(५) ओसिलोपन कम गर्ने तथा सुकाउने (डेसिकेन्ट) पदार्थ,

(६) फलफूल पतल्याउने (थिनिङ्ग एजेन्ट) पदार्थ,

(७) समय नपुग्दै फल, फूल झर्ने लगायतका समस्याको नियन्त्रण गर्न प्रयोग हुने पदार्थ,

(८) कृषि बाली तथा कृषिजन्य पदार्थ उत्पादनसँग सम्बन्धित प्रयोगशालामा निसङ्क्रमण गर्न प्रयोग गरिने (डिसइन्फेक्टेन्ट) पदार्थ,

(९) बीउ अङ्कुराउन/अंकुरण नियन्त्रण गर्न प्रयोग गरिने पदार्थ,

(१०)फल पकाउने तथा उत्पादन उपरान्त संरक्षणका लागि प्रयोग गरिने पदार्थ (प्रिजर्भेटिभ)।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(घ) "निरीक्षक" भन्नाले दफा १४ बमोजिमको जीवनाशक विषादी निरीक्षक सम्झनुपर्छ ।

(ङ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनुपर्छ।

(च) "इजाजतपत्र" भन्नाले दफा ४ बमोजिमको इजाजतपत्र सम्झनुपर्छ।

(छ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(झ) "मिसावट गरिएको विषादी" भन्नाले विषादीमा हुनुपर्ने कुनै सक्रिय तत्व घटी वा बढी भएको, विषादीको प्रभावकारीता घटाउन थपिएको वस्तु वा विषादीको सुचकपत्र (लेवल) मा उल्लेख गरिए बमोजिमको गुण, मात्रा वा विशेषता नभएको विषादी सम्झनुपर्छ।

(ञ) "संघीय ऐन" भन्नाले जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ लाई सम्झनुपर्छ।

(ट) "समिति" भन्नाले दफा ७ बमोजिमको प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति सम्झनुपर्छ।

३. **जीवनाशक विषादी पञ्जीकरण गराउनु पर्ने:** (१) कुनै व्यक्ति, संस्था वा निकायले प्रदेशभित्र कुनै जीवनाशक विषादी वा त्यस्तो विषादीको सक्रिय तत्व समेतको उत्पादन, संश्लेषण, भण्डारण, व्यावसायिक प्रयोग, बिक्री वितरण, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्ग, विसर्जन, आयात वा निर्यात गर्नु पूर्व संघीय ऐन बमोजिम पञ्जीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जीवनाशक विषादीको पञ्जीकरण गराउन चाहने व्यक्ति, संस्था वा निकायले केन्द्रमा निवेदन दिन सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनहरु केन्द्रले मन्त्रालय मार्फत संघीय ऐनको दफा १४ बमोजिमको निकायमा पठाउनेछ।

(४) केन्द्रले संघीय ऐन अनुसार पञ्जीकृत विषादीको विवरण प्रत्येक त्रैमासिक रुपमा अद्यावधिक गर्नुपर्नेछ।

४. **इजाजतपत्र लिनुपर्ने:** (१) पञ्जीकरण वा पुनःपञ्जीकरण गरिएका जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग तथा छर्कने व्यवसाय गर्न चाहने व्यक्ति, संस्था वा निकायले केन्द्रबाट इजाजतपत्र लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ।

(३) उपदफा (२) बमोजिमको अवधि समाप्त हुनुभन्दा अगावैको पैंतिस दिन भित्र सम्बन्धित इजाजतपत्रवालाले नवीकरणको लागि केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम नवीकरण नगराउने इजाजतपत्रवालाले उपदफा (२) बमोजिमको अवधि समाप्त भएको तीस दिनभित्र दोब्बर दस्तुर सहित इजाजतपत्र नवीकरणका लागि केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम इजाजतपत्र नवीकरण नगर्ने इजाजतपत्रवालाले अनुसूची-१ बमोजिमको जरिबाना तिरी थप एकसय पचास दिनभित्र इजाजतपत्र नवीकरणका लागि मनासिब कारण सहित केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(६) उपदफा (३), (४) र (५) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी केन्द्रले इजाजतपत्रको म्याद समाप्त भएको मितिदेखि थप दुई वर्षको लागि इजाजतपत्रको नवीकरण गर्न सक्नेछ।

(७) इजाजतपत्र प्राप्ति, नवीकरण तथा जरिबाना शुल्क सम्बन्धी व्यवस्था अनुसूची-१ बमोजिम हुनेछ।

(८) उपदफा (६) बमोजिम पनि नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ र सम्बन्धित इजाजतपत्रवालाले प्राप्त गरेको इजाजतपत्र केन्द्रमा फिर्ता गर्नुपर्नेछ।

(९) उपदफा (१) बमोजिमको इजाजतपत्र सम्बन्धी निवेदनको ढाँचा र प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक विषादी प्रयोग मुक्त क्षेत्र घोषणा गरेका स्थानमा रासायनिक विषादीको भण्डारण, बिक्री वितरण र व्यावसायिक प्रयोगको लागि इजाजतपत्र दिइने छैन।

५. **योग्यता सम्बन्धी व्यवस्था:** इजाजतपत्र प्राप्त गर्न चाहने व्यक्ति, संस्था वा निकायले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,

(ख) इजाजतपत्र प्राप्त गर्नको लागि कृषि विषयमा कम्तिमा कृषि जे.टि.ए. उत्तीर्ण गरेको,

(ग) खुद्रा विषादी बिक्रेता सम्बन्धी विषादीको सुरक्षित भण्डारण, प्रयोग र बिक्री सम्बन्धी तालिममा उत्तीर्ण भएको।

६. **इजाजतपत्र खारेज गर्न सकिने:** (१) समितिले केन्द्रको सिफारिसमा देहाय बमोजिमको अवस्थामा इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) दफा ४ को उपदफा (३), (४) र (५) बमोजिम इजाजतपत्र नवीकरण नभएमा,

(ख) इजाजतपत्रवालाको मृत्यु भएमा,

(ग) इजाजतपत्र प्राप्त गर्दाको समयमा पेश गरेको योग्यता सम्बन्धी प्रमाणपत्रहरु झुट्ठा ठहरिएमा,

(घ) इजाजतपत्र प्राप्त कम्पनी/संस्था वा निकाय खारेज भएमा,

(ङ) इजाजतपत्र प्राप्त गर्दा तोकिएका शर्त र आचारसंहिता उल्लंघन गरेमा।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नुपूर्व समितिले सम्बन्धित इजाजतपत्रवालालाई पन्ध्र दिनको समय दिई इजाजतपत्र खारेज गर्नु नपर्ने कुनै मनासिब कारण भए पेश गर्ने मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र खारेज हुनु नपर्ने कुनै मनासिब कारण पेश नभएमा वा सो समय भित्र कुनै जानकारी प्राप्त हुन नआएमा समितिले पन्ध्र दिनभित्रमा इजाजतपत्र खारेज सम्बन्धमा आवश्यक निर्णय गरी सोको जानकारी सम्बन्धित इजाजतपत्रवालालाई दिनुपर्नेछ।

(४) इजाजतपत्र खारेजी सम्बन्धी प्रकृया प्रारम्भ भई उपदफा (३) बमोजिमको निर्णय नभएसम्म उक्त इजाजतपत्र स्वतः निलम्बन भएको मानिनेछ।

(५) उपदफा (४) बमोजिम निलम्बनमा रहेको अवस्थामा व्यवसायिक कारोवार, विक्री वितरण गर्न पाउने छैन।

७. **प्रदेश जीवनाशक विषादी व्यवस्थापन समितिः** (१) जीवनाशक विषादीको भण्डारण, विक्री वितरण, व्यावसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई इजाजतपत्र दिने, नवीकरण गर्ने, सोको अनुगमन गर्ने र प्रचलित कानून बमोजिमको मापदण्ड पालना गर्न गराउन एवं अन्य विषादी व्यवस्थापन सम्बन्धी कार्य गर्न गराउन प्रदेशमा एक जीवनाशक विषादी व्यवस्थापन समिति रहनेछ।

(२) समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन्:-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) | महानिर्देशक, कृषि विकास निर्देशनालय | -सदस्य |
| (ग) | महानिर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | -सदस्य |
| (घ) | निर्देशक, कृषि अनुसन्धान निर्देशनालय, गण्डकी प्रदेश | -सदस्य |
| (ङ) | प्रमुख, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण सम्बन्धी महाशाखा | -सदस्य |
| (च) | प्रमुख, वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालयको वातावरण सम्बन्धी महाशाखा | -सदस्य |
| (छ) | विषादीसँग सम्बन्धित विज्ञ मध्येबाट मन्त्रालयद्वारा मनोनित कम्तीमा एकजना महिला सहित दुईजना | -सदस्य |
| (ज) | विषादी व्यवसायीहरु मध्येबाट मन्त्रालयबाट मनोनित एक जना | -सदस्य |
| (झ) | मन्त्रालयबाट मनोनित प्रदेशभित्रका कृषक प्रतिनिधि एक जना | -सदस्य |
| (ञ) | प्रमुख, केन्द्र | -सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (छ), (ज) र (झ) बमोजिम मनोनित हुने सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजलाई पुनः एक पटक मनोनित गर्न सकिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (२) बमोजिम मनोनित कुनै सदस्यले समितिको हित विपरीत कार्य गरेमा पदावधि पूरा नहुँदै मन्त्रालयले हटाउन सक्नेछ। तर निजलाई हटाउनुपूर्व सफाईको मौका दिनुपर्नेछ।

(५) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ वा सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिम गठित समितिको सचिवालय केन्द्रमा रहनेछ।

८. **<u>समितिको बैठक र निर्णयः</u>** (१) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवबाट प्रमाणित हुनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) यो ऐन र प्रचलित कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादी सम्बन्धी प्रादेशिक नीति तर्जुमा गर्न मन्त्रालयलाई परामर्श दिने,

(ख) जीवनाशक विषादीको सुरक्षित भण्डारण र प्रयोग, विषादी छर्कने व्यवसाय सञ्चालन सम्बन्धी तालिम सञ्चालन गर्न आवश्यक पाठ्यक्रम निर्धारण गर्ने,

(ग) विषादी व्यवस्थापनमा संलग्न निकायहरुलाई आवश्यक निर्देशन दिने,

(घ) जीवनाशक विषादी सम्बन्धी आचारसंहिता तथा मापदण्डहरु तर्जुमा गर्न मन्त्रालयलाई आवश्यक परामर्श दिने,

(ङ) रासायनिक विषादीको प्रयोगमुक्त क्षेत्रको घोषणा गर्ने साथै घोषणा गरिएको स्थानमा रासायनिक विषादीको प्रयोग गर्नुपर्ने परिस्थिति सृजना भएमा सोको लागि केन्द्रको सिफारिसमा स्वीकृत गर्ने,

(च) प्रदेशमा जीवनाशक विषादीको विक्रीवितरण, उपभोग, भण्डारण, ओसारपसार सम्बन्धी कार्यको अनुगमन गर्ने,

(छ) जफत गरिएका विषादीको तोकिए बमोजिम भण्डारण व्यवस्थापन गर्ने,

(ज) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

(२) समितिले केन्द्र प्रमुखलाई वा आवश्यकता परेको खण्डमा उपसमिति गठन गरी आफ्नो काम, कर्तव्य र अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

१०. **केन्द्र रहने:** (१) जीवनाशक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य गर्न प्रदेशको कृषि विकास निर्देशनालयको मातहतमा प्रदेश सरकारले एक विषादी नियमन तथा व्यवस्थापन केन्द्र स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको केन्द्र स्थापना नभए सम्मका लागि प्रदेशको बाली संरक्षण प्रयोगशालाले विषादी व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य गर्नेछ।

(३) केन्द्रका लागि आवश्यक जनशक्ति तथा पूर्वाधार प्रदेश सरकारले उपलब्ध गराउनेछ।

११. **केन्द्रको काम, कर्तव्य र अधिकार:** केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको सचिवालयको रुपमा रही कार्य गर्ने,

(ख) इजाजतपत्र सम्बन्धी प्रक्रिया र कार्यविधि/मापदण्डहरु निर्धारणको लागि समितिमा सिफारिस गर्ने,

(ग) विषादीको विक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई इजाजतपत्र दिने, नवीकरण गर्ने र सो कार्यको अनुगमन गर्ने,

(घ) इजाजतपत्र खारेजीको लागि उपयुक्त प्राविधिक आधार सहित समितिमा सिफारिस गर्ने,

(ङ) प्रदेशभित्र विक्री वितरण हुने पञ्जीकृत विषादीको त्रैमासिक विवरण अद्यावधिक गर्ने,

(च) विषादीजन्य दुर्घटना तथा विषादी दुरुपयोगको कारणबाट हुने क्षतिको अभिलेख तयार गरी वार्षिक रुपमा मन्त्रालयमा पेश गर्ने,

(छ) विषादीजन्य दुर्घटना तथा विषादी दुरुपयोगको कारणबाट बालीवस्तुमा क्षति पुगेमा सोको क्षतिपूर्तिको लागि समितिमा सिफारिस गर्ने,

(ज) जीवनाशक विषादी सम्बन्धी आचारसंहिता तथा मापदण्डहरु कार्यान्वयन गर्ने,

(झ) विषादीको नमुना संकलन तथा परीक्षण तोकिए बमोजिम गर्ने,

(ञ) विषादी व्यवस्थापनसँग सम्बन्धित आवश्यक विवरणहरु अद्यावधिक गरी प्रतिवेदन तयार गर्ने,

(ट) रासायनिक विषादी प्रयोगमुक्त क्षेत्र घोषणाको लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने, गराउने,

(ठ) निरीक्षकको कामको अनुगमन, निर्देशन तथा पृष्ठपोषण गर्ने,

(ड) दफा १५ को खण्ड (ञ) बमोजिम निरीक्षकले जफत गरी सिफारिस गरेका विषादी समिति समक्ष पेश गर्ने,

(ढ) केन्द्रले गरेका कार्यहरुको वार्षिक प्रतिवेदन समिति र संघीय निकाय समक्ष पेश गर्ने,

(ण) रासायनिक विषादी प्रयोगको न्यूनीकरणका लागि आवश्यक जनशक्तिको क्षमता विकास तथा पूर्वाधारहरु विकास गर्ने,

(त) कृषि उपजको नमुना संकलन तथा विषादीको अवशेष परीक्षण, विश्लेषण र नियमन गर्न कृषि ज्ञान केन्द्र/भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँग समन्वय गर्ने,

(थ) विशेष परिस्थितिहरु जस्तै बाली बिरुवाहरुमा शत्रु जीवहरुको क्षति न्यूनीकरण गर्न अन्य कुनै उपायहरुबाट सम्भव नभएमा समितिको सिफारिसमा केन्द्रले रासायनिक विषादीको प्रयोगका लागि इजाजतपत्र दिने,

(द) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

१२. **जीवनाशक विषादी प्रयोगः** (१) जीवनाशक विषादीको जथाभावी प्रयोग गर्न तथा त्यस्तो विषादीको अवशेष निर्धारण गरिएको हदभन्दा बढी मात्रा हुने गरी प्रयोग गर्न पाईनेछैन।

(२) मिसावट गरिएको वा कम गुणस्तरको जीवनाशक विषादीको विक्री, वितरण, भण्डारण वा प्रयोग गर्न पाईनेछैन।

(३) जीवनाशक विषादीको विक्री वितरण गर्ने व्यक्ति वा संस्थाले विषादी प्रयोग तथा विसर्जन गर्दा लगाइने सुरक्षित पहिरन विक्रीको लागि राख्नु पर्नेछ।

(४) जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण वा विक्री वितरण तथा ओसारपसार गर्दा तोकिए बमोजिमका आवश्यक सुरक्षात्मक उपाय अपनाउनु पर्नेछ।

(५) जुन उद्देश्यको लागि जीवनाशक विषादीको पञ्जीकरण गरिएको हो सोही प्रयोजनको लागि मात्र जीवनाशक विषादीको प्रयोग गर्नुपर्नेछ।

(६) दफा (४) को उपदफा (१०) बमोजिमको निर्धारित क्षेत्रमा रासायनिक विषादीको भण्डारण, विक्री वितरण तथा प्रयोग गर्न पाइने छैन।

(७) जीवनाशक विषादीको प्रयोग पश्चात प्याकेट, खोल, बट्टा आदि तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्नेछ।

(८) मौरीपालन व्यवसाय सञ्चालन भएको स्थान वरिपरि जीवनाशक विषादी प्रयोग गर्दा प्रयोगकर्ताले अनिवार्य रुपमा रासायनिक विषादी प्रयोग गर्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै रुपमा मौरीपालक कृषकलाई जानकारी गराउनुपर्नेछ।

(९) जीवनाशक विषादी प्रयोगकर्ताले विषादी प्रयोग पश्चात उक्त स्थानमा प्रयोग भएको विषादीको विवरण खुलाई सचेतना सम्बन्धी संकेत टाँस गर्नुपर्नेछ।

(१०) जीवनाशक विषादी प्रयोगकर्ताले विषादी प्रयोग पश्चात उक्त विषादीको पर्खने अवधि भन्दा अगावै कृषि उपज टिपाई तथा विक्री वितरण गर्न पाईनेछैन।

(११) गर्भवति महिला, बालबालिका, फरक क्षमता भएका तथा मादकपदार्थ सेवन गरेका व्यक्तिहरुलाई जीवनाशक विषादीको विक्री वितरण तथा प्रयोगमा संलग्न गराउन पाईनेछैन।

(१२) जीवनाशक विषादीको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **जीवनाशक विषादीको भण्डारण र विक्री वितरण सम्बन्धी व्यवस्थाः** (१) रासायनिक विषादीको भण्डारण सार्वजनिक स्थलमा गर्न पाईने छैन।

(२) जीवनाशक विषादी भण्डारण कक्ष पक्की ढलान गरेको, सुर्यको किरण प्रत्यक्ष नपर्ने, हावा खेल्ने र तालाबन्दी गर्न सकिने हुनु पर्नेछ।

(३) जीवनाशक विषादी भण्डारण कक्षमा विषादी पोखिदा वा चुहिँदा व्यवस्थापन गर्ने तोकिएको सुरक्षित पहिरन, औजार तथा सामाग्री हुनु पर्नेछ।

(४) जीवनाशक विषादी, खाद्य पदार्थ, दाना, लत्ताकपडा, औषधी लगायतका वस्तुहरुको भण्डारण एकै कक्षमा हुनु हुँदैन।

(५) इजाजतपत्र प्राप्त व्यक्तिले भण्डारणमा राखिएको जीवनाशक विषादीको विवरण नियमित अद्यावधिक गरी निरीक्षक र केन्द्रले माग गरेमा तोकिएको ढाँचामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ।

(६) जीवनाशक विषादीको भण्डारण र विक्री कक्षमा बस्दा वा पस्दा तोकिएको सुरक्षात्मक उपायहरु अवलम्बन गर्नु पर्नेछ।

(७) जीवनाशक विषादीको भण्डारण र विक्री कक्षमा खाद्यपदार्थको भण्डारण र उपभोग गर्न पाइने छैन।

(८) जीवनाशक विषादीको खतराको स्तर र सविन्यासको आधारमा भिन्दाभिन्दै सुरक्षित तवरले भण्डारण गर्नु पर्नेछ।

१४. **निरीक्षक नियुक्ति गर्न सक्नेः** (१) मन्त्रालयले आवश्यकता अनुसार कृषि विज्ञानमा स्नातक वा सो सरहको योग्यता पुगेको कृषि सेवा बाली संरक्षण समूहमा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई जीवनाशक विषादीको प्रयोग तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि निरीक्षक नियुक्ति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जीवनाशक विषादी निरीक्षक नियुक्त भएमा मन्त्रालयले नेपाल सरकारको कृषि विषय हेर्ने मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

१५. **निरीक्षकको काम, कर्तव्य र अधिकारः** यस ऐन र प्रचलित कानूनमा व्यवस्था गरिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादीको निर्धारित मापदण्ड बमोजिम भण्डारण, विक्री वितरण, व्यावसायिक प्रयोग गरे नगरेको आवधिक वा आकस्मिक रुपमा निरीक्षण गरी केन्द्र समक्ष प्रतिवेदन पेश गर्ने,

(ख) जीवनाशक विषादीसँग सम्बन्धित प्रमाणपत्र, इजाजतपत्र, अभिलेख लगायतका कागजात तथा प्रमाणको निरीक्षण गरी आवश्यक कारबाही गर्ने,

(ग) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको पालना भए नभएको विषयमा अनुगमन गरी केन्द्रमा सिफारिस गर्ने,

(घ) जीवनाशक विषादीको संश्लेषण, उत्पादन, भण्डारण, निकासी, पैठारी, ओसारपसार, व्यावसायिक प्रयोग, प्याकेजिङ्ग तथा विसर्जन लगायतका काम हुने स्थानमा प्रवेश गरी आवधिक वा आकस्मिक रुपमा निरीक्षण गरी केन्द्रमा प्रतिवेदन पेश गर्ने,

(ङ) अनुगमनको क्रममा मिसावट गरिएको वा कम गुणस्तरको जीवनाशक विषादी भेटिएमा त्यस्तो विषादीको विक्री वितरण रोक्का राख्ने वा वितरण कक्षमा सिलबन्दी गर्ने,

(च) कुनै व्यक्ति, संस्था वा निकायमा रहेका जीवनाशक विषादीसँग सम्बन्धित प्रमाणपत्र, इजाजतपत्र, अभिलेख लगायतका कागजात तथा प्रमाणको अध्ययन तथा विश्लेषण गर्ने,

(छ) तोकिए बमोजिमको प्रक्रिया अपनाई जीवनाशक विषादी तथा बालीको नमुना संकलन र विश्लेषण गर्ने, गराउने,

(ज) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना भए नभएको विषयमा अनुगमन गर्ने र उल्लंघन भएमा वा भएको आशंका भएमा सोको अनुसन्धान गर्ने गराउने र सो सम्बन्धी प्रतिवेदन केन्द्र समक्ष पेश गर्ने,

(झ) खण्ड (ज) बमोजिम अनुसन्धान गर्दा प्रचलित कानूनको उल्लंघन भएको पाईएमा त्यस्तो कार्यमा प्रयोग भएको उपकरण, विषादी, अभिलेख, कागजपत्र वा अन्य सम्बन्धित सामग्री जफत गरी सम्बन्धित उल्लंघनकर्तालाई जफतको भरपाई दिने,

(ञ) खण्ड (झ) बमोजिम जफत गरिएका जीवनाशक विषादीको सुरक्षित तवरले भण्डारणको व्यवस्था मिलाउने,

(ट) प्रचलित कानून एवं तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

१६. **<u>भण्डारण सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेशमा सुरक्षित भण्डारण गृह निर्माण नहुन्जेल यो ऐन उल्लंघनकर्ता स्वयमले दफा १५ को खण्ड (झ) बमोजिम जफत गरिएका जीवनाशक विषादी वर्गीकरण अनुसार सिलबन्दी गरी सुरक्षित स्थानमा राख्नु पर्नेछ र समितिले माग गरेका बखत बुझाउनु पर्नेछ।

(२) भण्डारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **<u>विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेः</u>** रासायनिक विषादीको प्रयोगबाट मानव, पशुपन्छी, बिरुवा, तथा वातावरणीय स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्न प्रदेश सरकारले घरेलु तथा जैविक विषादीको प्रयोग तथा प्रवर्द्धनात्मक विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

१८. **<u>महामारी रोग तथा किरा व्यवस्थापनः</u>** (१) विभिन्न बालीहरूमा लाग्ने रोग र किराहरू जसले छोटो समयमा धेरै क्षेत्रमा फैलिई बाली, वस्तु र उत्पादनलाई नोक्सान गरी क्षति पुऱ्याउने महामारी रोग तथा किराको क्षति न्यूनिकरण गर्न मन्त्रालयले रोग तथा किराको महामारी व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(२) बालीमा लाग्ने रोग तथा किराको महामारी नियन्त्रण गर्न सम्बन्धित स्थानीय तहले रोग तथा किराको महामारी नियन्त्रण समिति गठन गर्न सक्नेछ।

१९. **<u>कसुरः</u>** कसैले देहाय बमोजिमका कार्य गरे वा गराएमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछः-

(क) दफा ४ बमोजिम इजाजतपत्र नलिई पञ्जीकरण वा पुनःपञ्जीकरण गरिएका जीवनाशक विषादीको विक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग तथा छर्कने व्यवसाय विषादी सम्बन्धी कारोवार गरेमा,

(ख) दफा ४ विपरीत रासायनिक विषादी प्रयोग मुक्त क्षेत्र घोषणा गरेका स्थानमा रासायनिक विषादीको भण्डारण, विक्री वितरण र व्यावसायिक प्रयोग गरेमा,

(ग) दफा ५ मा तोकिएको योग्यता सम्बन्धी कागजात झुठ्ठा पेश गरेमा,

(घ) दफा ६ को उपदफा (५) को विपरीत कार्य गरेमा,

(ङ) दफा १२ विपरीत जीवनाशक विषादीको अवशेष निर्धारण गरिएको हदभन्दा बढी मात्रा हुने गरी खाद्यवस्तु उत्पादन तथा विक्री वितरण गरेमा वा मिसावट गरिएको विषादी विक्री वितरण गरेमा,

(च) दफा १२ विपरीत विषादीको जथाभावी प्रयोग वा मिसावटयुक्त विषादीको प्रयोग गरेमा,

(छ) दफा १२ विपरीत रासायनिक विषादी प्रयोग गर्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै मौरीपालक कृषकलाई जानकारी नगरेमा,

(ज) मापदण्ड पूरा नभएको वा नक्कली विषादीको प्रयोग वा कारोबार गरेमा,

(झ) विषादी व्यवस्थापनमा अवरोध पुऱ्याएमा,

(ञ) वातावरणीय प्रदुषण हुने गरी विषादीको प्रयोग गरेमा,

(ट) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा मापदण्ड, आचार संहिता विपरीत हुने गरी अन्य कसुर गरेमा।

२०. **<u>दण्ड जरिवानाः</u>** दफा १९ बमोजिमको कुनै कसुर गरेमा देहाय बमोजिम दण्ड जरिबाना हुनेछः-

(क) खण्ड (क) बमोजिमको कुनै कसुर गरेमा पचास हजार रुपैया देखि एक लाख रुपैयाँसम्म जरिबाना वा तीन महिना कैद वा दुबै सजाय,

(ख) खण्ड (ख) बमोजिमको कसुर गरेमा बीस हजार देखि तीस हजार रुपैयाँसम्म जरिबाना वा दुई महिना कैद वा दुबै सजाय,

(ग) खण्ड (ग) बमोजिमको कसुर गरेमा दश हजार देखि बीस हजार रुपैयाँसम्म जरिबाना एक महिना कैद वा दुबै सजाय,

(घ) खण्ड (घ) बमोजिमको कसुर गरेमा दश हजार देखि बीस हजार रुपैयाँसम्म जरिबाना वा एक महिना कैद वा दुबै सजाय,

(ङ) खण्ड (ङ) बमोजिमको कसुर गरेमा पचास हजार देखि एक लाख रुपैयाँसम्म जरिबाना वा तीन महिना कैद वा दुबै सजाय,

(च) खण्ड (च) बमोजिमको कुनै कसुर गरेमा पाँच हजार देखि बीसहजार रुपैयाँसम्म जरिबाना,

(छ) खण्ड (छ) बमोजिमको कुनै कसुर गरेमा पाँच हजार देखि दश हजार रुपैयाँसम्म जरिबाना,

(ज) खण्ड (ज), (झ), (ञ) र (ट) बमोजिमको कुनै कसुर गरेमा पाँच हजार देखि बीसहजार रुपैयाँसम्म जरिबाना वा एक महिना कैद वा दुबै सजाय।

२१. <u>निरीक्षकले तत्काल सजाय गर्न सक्नेः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसुर पहिलो पटक गर्नेलाई एक हजार रुपैयाँ, दोस्रो पटक गर्नेलाई दुई हजार रुपैयाँ र तेस्रो पटक वा सो भन्दा बढी पटक गर्नेलाई चार हजार रुपैयाँको जरिबाना निरीक्षकले तत्काल गर्न सक्नेछः-

(क) जीवनाशक विषादीको प्रयोग पश्चात प्याकेट, खोल, बट्टा आदि तोकिएको आचारसंहिता बमोजिम व्यवस्थापन नगरेमा,

(ख) रासायनिक विषादीको भण्डारण सार्वजनिक स्थलमा गरेमा, जीवनाशक विषादी भण्डारण कक्ष पक्की ढलान गरेको, सुर्यको किरण प्रत्यक्ष नपर्ने, हावा खेल्ने र तालाबन्दी गर्न सकिने नभएमा,

(ग) जीवनाशक विषादी, खाद्य पदार्थ, दाना, लुगाफाटा, औषधी लगायतका वस्तुहरुको भण्डारण एकै कक्षमा राखेमा,

(घ) जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण वा विक्री वितरण तथा ओसारपसार गर्दा तोकिए बमोजिमका आवश्यक सुरक्षात्मक उपाय नअपनाएमा,

(ङ) जीवनाशक विषादीको भण्डारण र विक्री कक्षमा बस्दा वा पस्दा तोकिएको सुरक्षात्मक उपायाहरु अबलम्बन नगरेमा,

(च) जीवनाशक विषादीको भण्डारण र विक्री कक्षमा खाद्यपदार्थको भण्डारण र उपभोग गर्न गरेमा,

(छ) जीवनाशक विषादीको खतराको स्तर र सविन्यासको आधारमा भिन्दाभिन्दै सुरक्षित तवरले भण्डारण नगरेमा।

(२) उपदफा (१) बमोजिमको जरिबाना रकम निरीक्षकले प्रदेश सञ्चित कोषमा दाखिला गर्न लगाई अभिलेख राख्नु पर्नेछ।

२२. **<u>मुद्दाको अनुसन्धान र दायरी:</u>** (१) यस ऐन बमोजिमको मुद्दाको अनुसन्धान तथा तहकिकात दफा १४ बमोजिमको निरीक्षकले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान तथा तहकिकातको कार्य समाप्त भएपछि निरीक्षकले केन्द्र प्रमुख समक्ष आवश्यक कारबाहीको लागि पेश गर्नेछ।

(३) मुद्दाको अनुसन्धान र दायरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **<u>पुनरावेदन गर्न सक्ने:</u>** (१) यस ऐन बमोजिम कसुर सम्बन्धी मुद्दामा केन्द्र प्रमुखले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

२४. **<u>अनुसन्धानको लागि लेखी पठाउने:</u>** संघीय कानून बमोजिमको कसुर गरेको पाइएमा निरीक्षक वा केन्द्र वा समिति वा मन्त्रालयले त्यस्तो कसुरका सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउनुपर्नेछ।

२५. **<u>क्षतिपूर्ति सम्बन्धी व्यवस्था:</u>** (१) जीवनाशक विषादी बिक्री वितरण तथा भण्डारणको प्रयोग वा विसर्जन गर्ने क्रममा कुनै दुर्घटना भएमा सम्बन्धित इजाजतपत्रवालाले पीडितलाई तोकिए बमोजिमको क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति निर्धारणको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक क्षतिपुर्ति निर्धारण समिति हुनेछः-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) जिल्ला समन्वय समितिको कार्यालयबाट अधिकृतस्तरको प्रतिनिधि एक जना -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख वा निजले तोकेको प्रतिनिधि एक जना -सदस्य

(घ) जिल्ला उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना -सदस्य

(ङ) सम्बन्धित जिल्ला हेर्ने उपभोक्ता मञ्चको अध्यक्ष/प्रतिनिधि -सदस्य

(च) भेटेरेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट अधिकृतस्तर एक जना -सदस्य

(छ) जिल्ला प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको सम्बन्धित स्थानको प्रतिनिधि एक जना -सदस्य

(ज) सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्रको प्रमुख -सदस्य सचिव

तर दफा १९ बमोजिमको कसुर गरेको मानिने कार्य गरेको कारणबाट कुनै प्रकारको क्षति

पुग्न गएको अवस्थामा क्षतिपूर्ति दिइने छैन।

२६. **<u>अनुगमन सम्बन्धी व्यवस्थाः</u>** (१) जीवनाशक विषादी सम्बन्धी सम्पूर्ण कार्यको अनुगमन गर्ने जिम्मेवारी केन्द्रको हुनेछ।

(२) समिति, मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले समेत आवश्यकता अनुसार जीवनाशक विषादी सम्बन्धी काम कारबाहीको अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको अनुगमन प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा त्रैमासिक रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

२७. **<u>सहयोग गर्नुपर्नेः</u>** जीवनाशक विषादीको निरीक्षणमा आउने कर्मचारी वा पदाधिकारी वा निरीक्षकको परिचयपत्र लिई आउने कर्मचारीलाई सम्बन्धित व्यक्ति, संस्था तथा निकायले निरीक्षण तथा अन्य विषादी व्यवस्थापन कार्यमा सहयोग गर्नु पर्नेछ।

२८. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** जीवनाशक विषादी नियमन तथा व्यवस्थापन सम्बन्धी अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

२९. **<u>बचाउः</u>** यो ऐन लागु हुनु भन्दा पहिले प्रचलित कानून बमोजिम भए गरेका कामकारबाही यसै ऐन बमोजिम भएको मानिनेछ।

३०. **<u>नियम बनाउने अधिकारः</u>** (१) यस ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) मन्त्रालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमको प्रतिकूल नहुने गरी आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तथा आचारसंहिता बनाई लागु गर्न सक्नेछ।

## अनुसूची-१

दफा ४ को उपदफा (७) सँग सम्बन्धित

**<u>इजाजतपत्र प्राप्ति, नवीकरण तथा जरिबाना शुल्क सम्बन्धी व्यवस्था</u>**

| (क) जीवनाशक विषादीको विक्री वितरणको लागि | इजाजतपत्र शुल्क | नवीकरण शुल्क | | जरिबाना शुल्क |
|---|---|---|---|---|
| | रु. ५००।- | नवीकरण शुल्क | नवीकरण विलम्ब शुल्क | प्रत्येक दिनको रु. ५०।- |
| | | रु. ५००।- | रु. १०००।- | |
| | | | | |
| (घ) जीवनाशक विषादीको व्यावसायिक/छर्कने व्यवसायीको लागि | इजाजतपत्र शुल्क | नवीकरण शुल्क | | जरिबाना शुल्क |
| | रु. १०००।- | नवीकरण शुल्क | नवीरकण विलम्ब शुल्क | प्रत्येक दिनको रु. ५०।- |
| | | रु. १०००।- | रु. २०००।- | |